# अन्तरिम विधान, २०६३ र महिला अधिकार

- अधिवक्ता सपना प्रधान मल्ल

आज समावेशी नारा सहितको जनआन्दोलन- २ को प्रतिफल नेपालमा अन्तरिम विधान, २०६३ मा राजनीतिक सहमति भएको छ । अन्तरिम विधानको प्रस्तावना स्वयंले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्सरचना गर्ने संकल्प गरेको छ । समावेशी प्रजातन्त्र तथा लैङ्गिक समानताको राजनीतिक प्रतिबद्धता सात दल र माओवादीबाट मात्र होइन, प्रतिनिधिसभाले समेत जेठ १६ गते गरिसकेको छ । निश्चय पनि आवश्यकता र चाहनाहरु थुप्रै छन्, आशाहरु पनि छ, जनआन्दोलनपछि आएको सरकारबाट, त्यो पनि समावेशी र समानताको नारा सहित सशस्त्र द्वन्द्वमा गएको माओवादी समेत समाहित राज्य संरचनाबाट ।

आज अन्तरिम विधानले महिला अधिकारको विषयमा धेरै सकारात्मक अधिकारहरुको सिर्जना पनि गरेको छ । प्रथम पटक संविधानले महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने व्यवस्था गरेको छ । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने व्यवस्था गरेको छ । कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनिय गरेको छ । संविधान स्वयंले पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको व्यवस्था सह्रानिय व्यवस्थाको रुपमा आएको छ । राजनीतिक दलहरुले संविधानसभाको उम्मेदवार चयन गर्दा महिलाको हकमा समानुपातिक प्रतिनिधित्वमा हुने संख्यामो उम्मेदवारीको संख्या जोडेर उक्त संख्यामा न्युनतम एक तिहाई उम्मेदवारी दिनुपर्ने व्यवस्था गरेको छ । सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको पनि व्यवस्था गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग एक जना महिला हुनैपर्ने, राज्यको अग्रगामी पुनर्सरचनामा लैङ्गिक, सांस्कृतिक, धार्मिक भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्सरचना गरिने, राजनीतिक दलको सदस्यता प्राप्ती गर्दा लिङ्गको आधारमा भेदभाव उपर बदेज जस्ता व्यवस्था र महिला आयोगको कानुनी रुपमा स्थापना हुनुपर्ने कुरामा जोड दिएको छ । नेपालको इतिहासमा पहिलो चोटी वंशजको परिभाषा भित्र महिलालाई राख्दै आमाबाट नागरिकता दिने व्यवस्था पनि गरेको छ ।

तर अफसोच आजको अन्तरिम विधान मस्यौदामा नेपाली महिलाले "तर" भन्ने प्रतिबन्धात्मक शब्द, वाक्यांश र व्यवहारबाट उन्मुक्ति पाउन सकेको छैन । अधिकारहरुको सिर्जना संविधानबाट मात्र होइन, कानुन बनेर मात्र प्राप्त गर्ने अवस्थाहरुको सिर्जना गरेको छ । महिला महिलाबीच विवाहको को सँग गरेको आधारमा विभेद गरिरहेको छ । समानतालाई अवसरमा मात्र त्यो पनि राजनीतिक अवसरमा विशेषगरी संविधानसभामा मात्र केन्द्रित गरेको छ । फलस्वरुप महिलाको स्वतन्त्र नागरिक सरहको अस्तित्वको स्वीकारोक्ती हुन सकेको छैन । परिणाममा समानताको आशाको अपेक्षा गर्न गाह्रो अवस्था छ । हिंसा विरुद्धको, विशेष आरक्षणको अधिकारको व्यवहारमा प्रयोग कठिन हुने अवस्था जन्माएको छ ।

आज वंशजको परिभाषा भित्र महिलालाई राख्दा राख्दै पनि महिलाले विदेशीसँग विहा गरेकै कारणले उसको दम्पत्तिलाई र सन्तानलाई नागरिकता दिने सवालमा पुरानै पितृ संरचनाको सोच राखी सन्तानको हकमा मात्र त्यो पनि नेपालमा जन्मेमा, नेपालमा स्थायी बसोबास भएमा, फेरि त्यो पनि अंगीकृत नागरिकता मात्र दिन सक्ने प्रावधानले आजको विश्वव्यापीकरणको युगमा महिला पनि विदेश जान सक्छिन्, महिलाले पनि विदेशमा बच्चा जन्माउन सक्छिन्, महिलाले पनि पुरुषले जस्तै विदेशीसँग विवाह गर्न सक्छन्, त्यसैले दुवै लिङ्गले विदेशीसँग विवाह गर्दा भौग्नु पर्ने परिणाम र अधिकारमा समानताको सुनिश्चितता हुनुपर्छ भन्ने अवधारणालाई चुनौती दिएको छ । एउटा लिङ्ग अर्थात् पुरुषको हकमा दम्पत्तिलाई पनि र सन्तानलाई पनि नागरिकताको अधिकार दिने तर महिला भएकै कारणले आफ्नै गर्भबाट निकालेको सन्तानलाई पनि नेपाली नारीबाट जन्मेको आधारमा मात्र विभेदित गर्नुपर्ने, त्यो पनि कहाँ जन्मेको छ भन्ने आधारमा समेत विभेदित हुनुपर्ने ।

संविधानसभामा उम्मेदवारी मार्फत् महिला सहभागिताको लक्ष्य सकारात्मक व्यवस्थाको रुपमा आएता पनि व्यवहारमा पुनः यी उम्मेदवारीहरु कुन क्षेत्रमा दिइने छ वा अर्थपूर्ण सहभागीता कसरी गराइनेछ ? वा राजनीतिक दलको सदस्य महिला भन्दा बाहिरका महिलाहरुलाई कसरी समावेश गरिनेछ ? भन्ने विषय जटिल रहेको छ । त्यसैले अवसरको समानता मात्र होइन, पहुँच र परिणामको समानताको प्राप्ति आजको लक्ष्य हो भन्ने स्पष्ट अवधारणा संविधानमा नै आउनु आवश्यक छ । महिला सहभागिता सुनिश्चित गर्न समाजिक न्याय अन्तर्गत समानुपातिक सहभागिताको कुरा गरिएको छ, तर यसमा स्पष्ट संख्यात्मक लक्ष्य तथा क्षेत्र जस्तैः राजनीतिक, संवैधानिक निकाय, न्यायपालिका, व्यवस्थापिका आदि किटान गरिएको छैन । समावेशी अवधारणालाई हेर्दा भौगोलिक स्थितिलाई हेरिएको छैन, महिला भित्रको पनि अन्तरस्थितिलाई छैन । जबकी मस्यौदा समितिले बनाएको यहि अन्तरिम विधानमा महिलालाई राज्यको प्रत्येक संरचनामा समानुपातिक, समावेशी सिद्धान्तको आधारमा न्यूनतम एक तिहाई सहभागीको हक हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको थियो । आज राजनीतिक सहमति भएको अन्तरिम विधानलाई हेर्दा जनआन्दोलनबाट स्थापित प्रतिनिधिसभाबाटे राज्यको हरेक तहमा ३३ प्रतिशत महिला सहभागीको प्रतिबद्धताको नै घोषणा उल्लंघन हुने स्थिति छ ।

समानता प्राप्तिको लागि महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । तर यहाँ पनि महिलाका लागि कतिपय विशेष उपाय विशेषगरी प्रजनन स्वास्थ्यको अवस्थासँग जोडी हेर्दा स्थायी प्रकृतिको चाहिने र सामाजिक बनौटको कारणले भएको विभेद हटाउन अल्पकालिन विशेष उपाय चाहिने अवधारणासँग जोडिएर हेरिएको छैन र संविधानले नै विशेष व्यवस्था कानुनद्वारा मात्र हुन सक्ने व्यवस्था गर्नाले कानुन नबन्दाको अवस्थामा विशेष व्यवस्था गर्न राज्यले कदम चाल्न नसक्ने र सर्वोच्च अदालतकै प्रदोष क्षेत्रीको निर्णयले त्रिभुवन विश्वविद्यालय समेतले लिएको सकारात्मक विभेदको नीतिलाई अमान्य घोषित गरिसकेको स्थितिलाई यस्तो संवैधानिक व्यवस्थाले अवसर, पहुँच र परिणामको मान्यता सहितको सुधारात्मक अवधारणामा आधारित समानताको अवधारणालाई अंगीकार गर्न नसकेको देखिन्छ । महिलाको लागि कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हकको पनि व्यवस्था गरिएको छ । तर कानुनी हक कहिले आउने हो ? कसरी आउने

हो ? संवैधानिक अधिकारको उपभोगमा कानुन बन्नु नबन्नु, कानुन कार्यान्वयन गर्ने संयन्त्रको विकास, आवश्यक बजेट विनियोजन, राजनीतिक प्राथमिकता लगायत थुप्रै कुराले असर पार्ने अवस्था रहन्छ ।

आज अन्तरिम विधानले लिङ्गको आधारमा विभेद नगर्ने मात्र नभनी महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने व्यवस्था संविधानमा नै गरी अविभेदको हकको संरक्षण गरेको छ । तर विभेद प्रत्यक्ष वा वर्तमान मात्र नभई  अप्रत्यक्ष वा ऐतिहासिक वा संरचनागत पनि हुनसक्छ, वैवाहिक स्थितिको आधारमा पनि हुनसक्छ र मुख्य कुरा परिणाम विभेदपूर्ण छ भने त्यसलाई भेदभाव मान्नुपर्ने जसमा बहिष्करण, भिन्न व्यवहार वा प्रतिबन्ध समेत पर्दछ भन्ने अवधारणा महिला विरुद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा १ ले गरिसकेको छ र यस महासन्धिको  हामी पक्षधर पनि छौं, उक्त अविभेदको सिद्धान्तलाई पूर्ण रुपमा अंगीकार गर्न नसकेको र महिला विरुद्ध भेदभावको परिभाषाको कमी देखिएको छ । वैवाहिक स्थितिको आधारमा हुने विभेद वा गर्भधारणको आधारमा हुने विभेद वा यौन व्यवहारको आधारमा हुने विभेदहरुलाई अन्त्य गर्न सकेको छैन ।

समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भन्ने व्यवस्था २०४७ को संविधानमै पनि रहेको छ । तर यहाँ प्रश्न कानुनी भेदभाव भन्दा व्यवहारिक भेदभावलाई कसरी उन्मुलन गर्ने भन्ने विषयलाई ध्यान दिन सकिएको छैन ।

राज्यको दायित्व, निर्देशक सिद्धान्तमा राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनसंरचनामा महिलाका विषयलाई हेर्ने, आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै महिलावर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने, एकल महिला, द्वन्द्व पीडित महिलाका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने तथा अशक्त महिलालाई भत्ता दिने नीति अवलम्बन गर्ने व्यवस्था गरिए पनि यी व्यवस्था देशको स्रोत साधनमा र राजनीतिक प्रतिबद्धतामा भर पर्ने विषय मात्रै हुन् ।

समग्रमा हेर्दा निश्चय पनि केहि नयाँ मौलिक अधिकारको स्थापनाले महिला अधिकारलाई अन्तरिम विधानले विस्तृतता दिन खोजेको छ, जुन सह्रानिय छ । तर प्रश्न प्रक्रियामा नै असहभागिता सुरुवात भएको आन्दोलन पश्चात् राजनीतिक सहभागिता त्यो पनि अन्तिम स्थितिमा मात्र गराइएको यर्थातता हाम्रै अगाडि छ । आज राजनीतिक सहमतिको दौरानमा यस प्रक्रियामा महिला सहभागिता शुन्य भएकै कारणले सम्पूर्ण संरचनामा ३३ प्रतिशत पुऱ्याउने प्रावधान हराएको छ । हेरौं, समानुपातिक सहभागिताको हकले ५० प्रतिशत नै पुऱ्याउँछ कि महिला सहभागिताको कुरा गर्दा प्रभावकारी र अर्थपूर्ण सहभागिताको सुनिश्चितता पनि कसरी हेर्ने, अन्तरिम संस्दमा महिला सहभागिताको विषयलाई कसरी हेर्ने । अन्तरिम विधान संसद्बाट अनुमोदन हुँदा सांसद्ज्यूहरुले पूर्ण दिने ठाउँहरु रहने वा नरहने प्रश्न हाम्रो अगाडि छ । तर मुल जरो महिला अधिकारको कुरा गर्दा अविभेदको नीति, समानताको सुधारात्मक अवधारणा तथा संवैधानिक अधिकारबाटै अधिकारको स्थापना गर्न सक्ने व्यवस्थाहरुको सिर्जना प्रमुख मुद्दाको रुपमा उठाउनु अत्यावश्यक रहेको छ, अन्यथा अन्तरिम विधानमा भएका व्यवस्था या त कागजमै रहने या त विभेदले नै निरन्तरता पाइरहने अवस्था रहन्छ ।